बेनी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १०, बेनी, आषाढ २६ गते, २०८२ साल        अतिरिक्ताङ्कः ५

**भाग-२**

## बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

मिति २०८२/०३/२६ गते बसेको बेनी नगरपालिकाको नगर कार्यपालिकाले बेनी नगरपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०८२ स्वीकृत गरेकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### बेनी नगरपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०३।२६ गते**

<u>प्रस्तावना:</u> लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घरोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, विपन्न बालबालिका, अपाङ्गता भएका व्यक्ति, वेवास्तामा परेका जेष्ठ नागरिकको संरक्षण गर्नुपर्ने स्थानीय सरकारको जिम्मेवारी बोध गर्दै अभिभाकत्व निर्वाह गर्न आर्थिक सहायता वितरण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र प्रशासकीय कार्यविधि

नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम बेनी नगरपालिका नगरकार्यपालिकाको बैठकले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"बेनी नगरपालिकाको आर्थिक सहायता वितरण कार्यविधि २०८२"** रहेको छ ।

ख) यो कार्यविधि तत्काल लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. "नगरपालिका" भन्नाले बेनी नगरपालिकालाई सम्झनुपर्छ।

ख. "नगर कार्यपालिका" भन्नाले बेनी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

ग. "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपमा विपन्न भएका मटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवं मानवबेचखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसाहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, अभिभावक विहिन बालबालिका,बेसहारा वृद्धवृद्धा तथा विषेश कारणवश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका बाढी पहिरो र डुवानबाट पीडित नगरवासी, चटयाङ्ग, आगलागी सामाजिक कुरितीबाट पीडित, परिस्थितिजन्य प्रतिकूलताबाट आर्थिक सामर्थ्य गुमेको उल्लिखित व्यहोरा भएका बेनी नगरपालिकाका कर्मचारी र जनप्रतिनिधि समेत बुझ्नु पर्दछ ।

घ. "प्रमुख " भन्नाले बेनी नगरपालिका नगरकार्यपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

ङ. "उप-प्रमुख " भन्नाले बेनी नगरपालिका नगरकार्यपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनी नगरपालिका नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

छ. "वडा अध्यक्ष" भन्नाले बेनी नगरपालिकाको आर्थिक सहायता पाउने व्यक्तिको स्थायी ठेगाना पर्ने वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ।

ज. "वडा कार्यालय" भन्नाले आर्थिक सहायता पाउने सम्बन्धित व्यक्ति वा संस्था रहेको बेनी नगरपालिकाको वडा कार्यालय सम्झनु पर्छ।

झ. "कार्यविधि" भन्नाले बेनी नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०८२ लाई जनाउनेछ।

## परिच्छेद — २
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

### ३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता:

क. आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो मस्तिष्क पक्षघात तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन्।

स्पष्टीकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, नगरपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ।"

ख. उपदफा (क) बमोजिम प्राप्त निवेदन माथि आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रु.५०००/- (पाँच हजार) देखि बढीमा २५०००/- ( पच्चिस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

### ४. हिंसा पीडित तथा मानवबेचबिखनमा परेकालाई सहायता:

क. यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिला तथा बालबालिकाहरुको तत्काल उद्धार गर्न बढीमा रु. १००००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

ख. पीडितलाई न्याय दिलाउन तथा पुनस्थापनाको लागि न्यायिक समिति मार्फत पहल गरिनेछ।

### ५. आर्थिक रुपले विपन्न व्यक्तिलाई सहायता:

क. बेवारिसे अवस्थामा फेला परेका, जबरजस्ती श्रममा संलग्न रहेका, बाबुआमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसँग सम्बन्धित रहेका कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसार पसारमा परेका, हिंसा पीडित, बाबुआमा र संरक्षक बिहीन बालबालिका, अपाङ्गता भएका व्यक्ति, सुस्त श्रवण भएका, एचआईभी एड्सबाट

संक्रमित लगायत आर्थिक रुपमा विपन्न अन्य नागरिकलाई सामाजिक संरक्षणका लागि रु. १५०००/- (पन्ध्र हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

ख. उपदफा (क) मा उल्लिखित बालबालिकाको शिक्षादीक्षाको व्यवस्था सामुदायिक तथा संस्थागत विद्यालयसंग समन्वय गरी छात्रावृत्ति मार्फत गरिनेछ।

## ६. खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धी सहायता:

स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघ संस्थालाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ।

क. वडा तथा स्थानीय तह स्तरमा संचालन हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमको लागि रु. ५०००/- (पाँच हजार) देखि बढीमा रु.१००००/- (दश हजार सम्म)।

ख. जिल्ला स्तरमा संचालन हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमको लागि रु. ५०००/- (पाँच हजार) देखि बढीमा रु.१५०००/- (पन्ध्र हजार सम्म)।

ग. प्रदेश र राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि रु.५०००/- (पाँच हजार) देखि बढीमा रु.२००००/- (बिस हजार सम्म)।

घ. अन्तराष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ।

ङ. एउटै खेलकुद कार्यक्रमको लागि वडा तहबाट र नगरपालिका तहबाट सकभर दोहोरो पर्ने गरी भुक्तानी गरिने छैन । दोहोरो भुक्तानी गर्नुपर्ने अवस्थामा उल्लेख गरिएबमोजिमको सीमा नाघ्न पाउनेछैन ।

## ७. बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायता:

परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएको देखिएमा रकम रु. ५०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुनस्थापनाको लागि आवश्यक पहल गर्नसकिनेछ । तर नगरपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता बुझ्ने नागरिकको हकमा यो सुविधा उपलब्ध गराइनेछैन।

## ८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता:

क. आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना वा आत्महत्याको कारण वा औषधि उपचारको क्रममा मृत्यु भई सोको पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा बढीमा रु. २००००/- (बीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।यस सम्बन्धमा नगर कार्यपालिकाले निर्णय गरेमा सोही बमोजिम हुनेछ ।

ख. उपदफा (क) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई मात्र सिफारिस गर्नुपर्नेछ।

**९. संस्थागत सहायता कार्यक्रम:**

उल्लेखनीय र सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभन्न कार्यक्रमहरु सञ्चालन गर्ने संस्थाहरुलाई कार्यक्रमको सहयोग स्वरुप निवेदन पेश हुन आएमा बढीमा रु. ५०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

**१०. आर्थिक सहायता तथा उपचार सहयोगको लागि बजेटको व्यवस्था:**

क. यस कार्यविधि बमोजिम आर्थिक सहायता दिन, उद्धार तथा पुनः स्थापना गर्ने प्रयोजनका लागि आर्थिक सहायता शीर्षकमा बजेटको व्यवस्था गरिनेछ ।

ख. उपदफा (क) अनुसारको आर्थिक सहायता भुक्तानी गर्दा निम्न बमोर्जम भुक्तानी हुनेछः

अ) वडामा विनियोजन भएको बजेट वा सिलिङबाट सहायता दिनुपरेमा वडा समितिको निर्णयबाट ।

आ) नगरमा विनियोजन भएको बजेटबाट नगर प्रमुखबाट रु. २५०००।- (पच्चिस हजार) सम्ममा र सोभन्दा बढी आर्थिक सहायता दिनुपरेमा नगर कार्यपालिकाको निर्णयबाट।

**११. आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था:**

क. नगरको सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, सांस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिनेलाई निजको पारिवारिक अवस्था नाजकु भएको भन्ने देखियमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिम एक पटकका लागि मात्र

बढीमा रु. २५०००/- (पच्चीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख. यस कार्यविधि बमोजिम आर्थिक सहायता वितरण गर्दा वडा कार्यालय, नगर प्रमुख र नगर कार्यपालिकाको निर्णयमा दोहोरो नपर्ने गरी आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

ग. कुनै आर्थिक वर्षमा आर्थिक सहायता स्वरुप कुनै जिन्सी सामग्री उपलब्ध गराइएको रहेछ भने नगद आर्थिक सहायता प्रदान गर्नुपर्दा जिन्सी सामाग्रीको बजार मूल्य बराबरको रकम कट्टी गरेर मात्र आर्थिक सहायता उपलब्ध गराइने छ।

घ. आर्थिक सहायता रकम भुक्तानी सिफारिस गर्दा SEVIMS प्रणालीलाई आधार लिइनेछ, उक्त प्रणालीमा आवद्ध भएपश्चात मात्र भुक्तानी गरिनेछ ।

ङ. यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिकाको निर्णयबाट थप आर्थिक सहायता रकम दिन सकिनेछ।

**१२. पटक-पटक आर्थिक सहायता दिन नपाइने:**

यस कार्यविधि बमोजिम आर्थिक सहायता प्राप्त गर्न योग्य व्यक्तिलाई प्रदान गरिने आर्थिक सहायता एकै प्रकृतिको घटनामा एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ।

## परिच्छेद —३
## विविध

**१३. पारदर्शिता र जवाफदेहिता:**

बजेटबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनिक गरिनेछ। साथै कार्यालयको वेवसाईटबाट समेत उल्लिखित व्यहोरा जानकारी गराइनेछ ।

**१४. निवेदन दिनुपर्ने:**

यस कार्यविधि बमोजिम उपलब्ध गराईने आर्थिक सहायताहरु प्राप्त गर्ने व्यक्ति तथा संस्थाले अनिवार्य रुपमा आवश्यक कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

**१५. संशोधन तथा परिमार्जन:**

यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता बमोजिम नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

**१८. बचाउ:**

यस कार्यविधिमा व्यवस्था भएका कार्यहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हद सम्म अमान्य हुनेछ । साथै नगर कार्यपालिका प्रमुखस्तरीय निर्णय वा आदेश र नगर कार्यपालिकाबाट यस आ. व. सम्ममा भएका आर्थिक सहयोग सम्बन्धी निर्णयहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ।

## अनुसूची -१

## निवेदनको ढाँचा

मिति:-

श्रीमान् नगर प्रमुख ज्यू,

बेनी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, बेनी म्याग्दी।

विषय: आर्थिक सहायता उपलब्ध गराइदिनुहुन ।

प्रस्तुत विषयमा म/हामी............................................. रोगले ग्रसित भई समस्यामा परी.............

................................. गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार र................................ को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सोको लागि तहाँ कार्यालयको नियमानुसारको आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजात यसैसाथ संलग्न गरी पेश गर्दछु । ।

तपसिल

१. आर्थिक रुपले विपन्न सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/ जन्मदर्ता/ विवहादर्ताको प्रतिलिपि

३. अस्पताल वा सम्बन्धित निकायको रिपोर्ट

४. वडा अध्यक्ष /स्वास्थ्य संयोजक / सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस

**निवेदकः**

नामः

वतनः

दस्तखतः

आज्ञाले
अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत